# Before you Sign

## छलकपट / जालसाजी

इन्टरनेटको रेडियो (पड्कास्ट) मा ' प्रवेश दर्ता गर्नु अघि ' पड्कास्टमा यहाँलाई स्वागत छ / यो पड्कास्ट अण्टारियो प्रदेशमा कानुनी अधिकारबारे तपाईंलाई राम्रो जानकारी दिन तयार पारिएको हो / आफ्नो अधिकार र दायित्व बुझ्नु भएमा क्यानाडामा तपाईंले जीवनमा असर पार्ने विकल्पहरु छान्न सक्षम हुनुहुनेछ/ यी रेडियोहरुले तपाईंको परिस्थितिको लागि कानुनी सल्लाह दिंदैन तर तपाईंको परिस्थितिमा काम लाग्ने साधारण कानुनी बिषयहरु बारे जानकारी दिन्छन भन्ने कुरा बुझ्नु जरुरी छ / आज हामी अण्टारियोमा हुने छलकपट बारे कुरा गर्नेछौं / छलकपट भनेको गलत वा आपराधिक हो भनी जान्दाजान्दै कसैले गर्ने काम हो / यसमा अपराधीले कुनै पनि तवरबाट आफुलाई आर्थिक वा व्यक्तिगत फाईदा हुने गरी अन्य व्यक्तिलाई छल गर्दछ / यस्तो काम विभिन्न तरिकाबाट हुन्सक्छ / यस रेडियोमा हामी पहिचानको चोरी भनेको के हो र तपाईं यसको शिकार बन्नु भयो भने के गर्ने भन्ने बारे चर्चा गर्नेछौं /

पहिचानको चोरी भनेको कसैले तपाईंको स्वीकृति बिना अन्य व्यक्ति वा समूहले तपाईंको सुचना प्रयोग गर्नु हो / यसको मतलब अपराधीले तपाईंको व्यक्तिगत सूचना जस्तो कि तपाईंको नाम, जन्म मिति, ठेगाना, सामाजिक बीमा नम्बर, राहदानी, बैंक सम्बन्धी जानकारी र अन्य व्यक्तिगत विवरणहरु आपराधिक उद्देश्यको लागि संकलन र प्रयोग गर्नु हो / ती व्यक्ति वा समूहले उनीहरु तपाईं नै हुन् भनी बहाना बनाई तपाईंको व्यक्तिगत सूचना प्रयोग गरी बैंक खाता खोल्न, सापटी वा बन्धक (मोर्ट्गेज) को लागि निबेदन गर्न, GST / HST को रकम जम्मा गर्न वा फिर्ता लिन, लाभ तथा उधारो तिर्न, वा आयकर फिर्ता लिने जस्ता अनेकौं फाईदा लिएको हुन्छ /

यस्ता बेईमान व्यक्तिहरुसंग तपाईंको जानकारी लिने धेरै उपायहरु हुन्छन / उदाहरणको लागि तिनले तपाईंको दाम राख्ने थैली चोर्न सक्छ / यस कारणले आफ्नो खल्ती भित्र दैनिक जीवनमा आबश्यक पर्ने एक खालको परिचय पत्र (जस्तो सवारी चालक अनुमति पत्र) मात्र बोक्नु पर्छ / राहदानी जस्तो चिजहरु सुरक्षित स्थानमा राख्ने र आबश्यक परेको बेला मात्र लिएर जानु पर्छ / ती चिजहरु धुलो / मैलो (गार्बेज ) बाट पनि जानसक्छ / बैंकबाट प्राप्त विवरण, क्रेडिट कार्ड, आर्थिक लगानी जस्ता कागजहरु कसरी थान्को लाउने भन्ने बारे तपाईंले ध्यान नदिए तिनले तपाईंको महत्वपूर्ण जानकारी पाउन सक्नेछन् / ए टि एम बाट पैसा निकाल्दा तपाईंले ध्यान नदिए तपाईंको बैंक खाताको पिन तपाईंको काँध माथिबाट हेरिरहेको हुनसक्छ / तपाईंले बैंकमा ए टि एम बाट वा स्टोरमा केहि चिज किन्दा पिन थिच्ने बेला आफ्नो जीउ र हातले छोप्नु पर्दछ / कम्प्युटर वा यसको संजालबाट तपाईंको जानकारी चोरी गर्ने कामलाई डाटा चोरी भनिन्छ / यस्ता चोर काम तपाईंको निजि वा कार्यस्थलको कम्प्युटर वा तपाईंले सम्पर्क राखेका ब्यापारिक कम्प्युटरको संजाल बाट गरिएको हुनसक्छ / सबभन्दा साधारण किसिमको छलकपटलाई 'महत्वपुर्ण सूचना प्राप्त गर्ने कपटपूर्ण प्रयास' (फिसिंग) भनिन्छ र पी- एच- आइ- एस- आइ- एन- जी भनी उच्चारण गरिन्छ / फिसिंग भन्ने शब्द तपाईंको व्यक्तिगत सूचना पाउन बास्तविक कम्पनि झैं बहाना बनाई तपाईंको इमेल वा फोन प्रयोग गरी गरिने छलकपटपूर्ण कार्य भनी बुझाउँछ / तपाईंलाई आर्थिक संस्था वा आप्रवास, शरणार्थी नागरिकता क्यानाडा वा क्यानाडा राजस्व संस्था जस्ता साँच्चिकै सरकारी संस्था झैं जस्तो लाग्ने ठाउंबाट इमेल वा सूचना पठाएको वा फोन गरेको भन्न सक्छ / उदाहरणको लागि इमेल वा फोन गरेर तपाईंको बैंक खातामा सुरक्षाको समस्या छ वा तपाईंले आफ्नो व्यक्तिगत विवरण तुरुन्तै नदिए तपाईंको आप्रवास स्थिति आइ आर सी सी (IRCC) मा खतरापूर्ण अवस्थामा छ भन्न सक्छ / यो कुरा बुझ्न अति जरुरी छ कि कुनै पनि साँचो ब्यापारिक संस्थाले तपाईंको व्यक्तिगत विवरण इमेल वा फोनबाट माग्दैन / तपाईंलाई विश्वास नलागेको कुनै इमेल आएको छ भने जवाब नफर्काउनु होला / इमेलमा उल्लिखित फोन नम्बर वा ठेगाना नै प्रयोग नगर्नुस / तपाईंलाई शंका लागेको संस्था मै फोन गरेर वा आफै गएर तपाईंले कस्तो सूचना पाउनु भयो भन्नुस / साँच्चिकै हेर्नु पर्ने केही समस्या छ कि भनी उनीहरुले निधो गर्न सक्छ /

# Before you Sign

तपाईंले रोक्न खोज्दाखोज्दै तपाईं पहिचान चोरीको शिकार हुनु भए यो कुरा थाहा पाउने बित्तिकै तपाईंले चाल्नु पर्ने केही कदमहरु छन् / पहिलो कदम स्वरूप आफ्नो स्थानीय प्रहरीलाई खबर गर्नुस / तिनले तपाईंलाई प्रहरी प्रतिबेदन नम्बर दिन्छ / त्यसपछि तपाईंले आफ्नो बैंक वा क्रेडिट कार्ड कम्पनीहरुलाई के भएको रहेछ भनी फोन गर्नुपर्छ / तपाईंको पहिचानलाई कसरी प्रयोग गरिएको रहेछ भन्ने आधारमा तपाईंको क्रेडिट श्रेणी निर्धारणमा असर पर्न सक्छ / त्यसैले तपाईंले क्यानाडाको क्रेडिट विवरण दिने दुई वटा मुख्य संस्थाहरु इक्वीफाक्स (Equifax) को **१-८००-४६५-७१६६** र ट्रान्सयूनियन (TransUnion) को **१-८००-६६३-९९८०** मा सम्पर्क राखी तपाईंको फाइलमा 'छलकपटपूर्ण संकेत' राख्न लाउनुपर्छ / फोन बस्टर्स नेशनल कल सेन्टर (Phone Busters National Call Centre) रोयल क्यानाडियन माउण्टेद पुलिस (Royal Canadian Mounted Police) ले संचालन गरेको हुन्छ र यसले जालसाजी घटनाको सामान्य प्रबृत्ति पत्ता लगाई जालसाजीको सिकारीलाई मद्दत दिने जिम्मा लिन्छ / थप सहयोगको लागि तपाईंले उनीहरुलाई **१-८८८-४९५-८५०१** मा सम्पर्क राख्न सक्नुहुन्छ / तपाईंलाई पहिचान चोरहरुले केही गरेको शंका लागेमा त्यो पत्ता लगाउने थुप्रै महत्वपूर्ण सम्पर्क स्थानहरु छन् / कहिलेकाहीं यी पहिचान चोरहरुले ठेगाना परिवर्तन गरेर क्यानाडा पोस्टबाट तपाईंको पत्रहरु अन्यत्रै पठाउन खोजेको हुन्छ / त्यस्तो अवस्थामा तपाईंले १-८६६-६०७-६३०१ मा फोन गरेर केही परिवर्तन गरेको छ/छैन भन्ने निधो गर्न सकिन्छ / पासपोर्ट क्यानाडालाई १-८००-५६७-६८६८ मा सम्पर्क गर्न सक्नुहुन्छ / फोन गरेर वा आफै गएर तपाईंको नाममा ती अपराधीहरुले राहदानी बनाउन खोजेको छ या छैन पत्ता लगाउनुस / अन्त्यमा आवश्यक परे तपाईंको नयाँ पहिचान कार्ड (जस्तो कि स्वास्थ्य कार्ड, चालक अनुमति पत्र वा सामाजिक बीमा नम्बर) कहाँ / कसरी बनाउने भन्ने जानकारी लिन १-८००-६२२-६२३२ मा सम्पर्क राख्नुस /

हामीलाई आशा छ कि तपाईंले यस रेडियोलाई पहिचान चोरी भनेको के हो ? यसबाट आफू कसरी बच्ने र तपाईं पहिचान चोरीको शिकार हुनु भए के गर्ने भन्ने जस्ता केही सामान्य कानुनी जानकारी दिने एउटा राम्रो स्रोतको रूपमा पाउनु भएको होला /

यस बिषयमा अझै पनि तपाईंका प्रश्नहरु भए कृपया यी रेडियोहरुबारे तपाईंलाई अबगत गराउने सेवा वा संस्थामा जानु होला / तपाईंको कम्प्युटर पहुँच भएमा थप जानकारीको लागि stepstojustice.ca अथवा settlement.org मा गएर बुझ्नुहोला / तपाईंलाई कानुनी सल्लाह , सेवा वा प्रधिनिधित्व आवश्यक छ भनी पहिले नै थाहा भए कृपया लिगल एड अण्टारियो (Legal Aid Ontario) मा १-८००-६६८-८२५८ मा सम्पर्क राख्नुस / यसले ३०० भन्दा बढी भाषाहरुमा मद्दत गर्दछ र कार्यालय सोमबार देखि शुक्रबारसम्म बिहान ८:०० बजे देखि साँझ ५:०० सम्म (ई एस टि) खुल्दछ/ यो रेडियो सेवा दि ल फाउण्डेशन अण्टारियो (The Law Foundaton of Ontario) को आर्थिक सहयोगमा तयार पारिएको हो / यसमा लेखिएका सामग्रीहरुको सम्पूर्ण दायित्व वाई डब्लु सी ए (WBCA ) र सेन्ट थोमस एल्गिन (St. Thomas Elgin ) ले लिन्छ /